आज मिति २०८० साल असोज २३ गते का दिन पांचथर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री भैरव बहादुर मंग्राती को संयोजकत्वमा चाडपर्व लक्षित विशेष बैठक देहाय अनुसारको उपस्थितिमा बसी प्रस्तावक निर्णय गरियो।

उपस्थिति

विशेष उपस्थिति जिल्ला समन्वय समिति पांचथर का प्रमुख श्री रामराज भण्डारी

फिदिम नगरपालिका का प्रमुख श्री मित्र प्रसाद काफ्ले

(१) संयोजक प्र.जि.अ. श्री भैरव बहादुर मंग्राती
(२) राष्ट्रिय अनुसन्धान कार्यालय का प्रमुख श्री तुलसी कट्टेल,
(३) प्र.ना.उ. श्री हेमन्त भण्डारी क्षेत्री
(४) स.प्र.ना.उ. श्री हरी शर्मा
(५) फिदिम न.पा. प्र.प्र.अ. श्री प्रवीन हाङ थोङहाङ
(६) इ.वि.बो. श्री राजन राई
(७) नेपाल बैंक लि कमला खापांगी
(८) पुष्पलाल (म.प.) राजमार्ग यो.कार्यालय, ले.अ. भोलानाथ पौड्याल
(९) यातायात कार्यालय, का.प्र. श्याम बहादुर राई
(१०) प्रकाश गुरुङ
(११) खाद्य प्रविधि गुण नियन्त्रण कार्यालय - नि.प्र. केशर बहादुर मगराती
(१२) प्र.स.नि. कुल ब. कुमाखे जि.प्र.का. पांचथर
(१३) विकास थापा सचिव पो.उ.वा.सं.
(१४) तेज बहादुर तुम्बापो को.प्र. स्वास्थ्य कार्यालय
(१५) संजिव जोशी - पेट्रोलियम व्यवसायी
(१६) चक्र शंकर - यातायात व्यवसायी
(१७) मदन तिम्सिना - नेपाल विद्युत प्राधिकरण पांचथर वि.के. लेखा प्रमुख
(१८) विक्रम तिवारी - बैंकर्स एसोसिएसन पांचथर
(१९) गोपाल पौडेल - बैंकर्स एसोसिएसन पाँचथर
(२०) मेदनी प्रसाद अधिकारी नै.का.पा. माओवादी (प्र.स.)
(२१) सरोज मल्ल, कर अधिकृत, फिदिम
२२ नवराज घिमिरे अध्यक्ष पत्रकार महासंघ
२३ गजेन्द्र राई सह.सचिव ने.का. जि.का.स.
२४ विष्णु प्रसाद सापकोटा, ने.क.पा. एमाले जि.क. पांचथर
२५ [illegible]

निर्णयहरु:-

१. नजिकिदै गरेको नेपालीहरुको माहान चाड दशै, तिहार र छठ पर्वको अवसरमा देश तथा विदेशमा रहनुंहुने पाँचथरबासी सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा सुंस्वास्थ्य, दिर्घायू र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्ने।

२. चाडपर्वको अवसरमा यस जिल्लाको विभिन्न स्थानमा लाग्ने मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम र खेलकुदका कार्यक्रमहरु शान्त र सभ्य रुपमा संचालन गर्ने/ गराउने व्यवस्थाका लागि आ-आफ्नो तर्फबाट पहल गर्ने।

३. आसन्न चाड पर्वहरु नेपाली संस्कृति र परम्परा अनुसार उल्लासमय वातावरणमा मनाउन, चाड पर्वमा मादक पदार्थ सेवन गरी झै-झगडा नगर्न र शान्ति सुंव्यवस्थामा खललपुग्ने कुनै पनि कार्य नगर्न नगराउन र सुरक्षा व्यवस्थामा असर पुग्ने कार्य भएको वा हुन सक्ने सूचना पाएमा तत्काल नजिकको सुरक्षा निकायमा खवर·गर्ने।

४. चाडपर्वलाई लक्षित गरी हुन सक्ने अपराधजन्य क्रियाकलापहरु नियन्त्रण गर्न सुरक्षा निकायहरुले एक आपसमा समन्वय गरी गस्ती तथा पट्रोलिङ्गको व्यवस्था मिलाउने।

५. आसन्न चाडपर्वलाई लक्षित गरी दैनिक उपभोग्य वस्तुहरुको अभाव सिर्जना हुन नदिने, जिल्लाभर दैनिक उपभोग्य वस्तुहरुको उपलब्धता सहज तुल्याउने, कानून विपरीत मूल्य अभिवृद्धि, कृतिम अभाव, म्याद सकिएका र लेवल नलगाइएका सामानहरु आयात एवं विक्री वितरण नगर्ने । सबै उद्योगी, व्यापारीहरुले अनिवार्य रुपमा उपभोक्ता मूल्यसूची राख्ने ।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ञ) स्थानीय बजार व्यवस्थापन गर्ने कार्य स्थानीय तहहरुको कार्य क्षेत्रभित्र समेत पर्ने भएकोले आ-आफ्नो पालिका भित्रका मुख्य बजार क्षेत्रहरु अनुगमन गरी उपभोक्ता हीत कायम गर्ने गरी बजार अनुगमनको व्यवस्था मिलाउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

७. चाडपर्वलाई लक्षित गरी यहि असोज २५ गतेदेखि छठपर्व सम्मको लागि छुट मूल्यसूची प्रकाशन गरी चाडपर्व केन्द्रित शुभकामना सन्देशहरु सहितको दशै, तिहार लक्षित बजार संचालन गर्ने व्यवस्था उद्योग वाणिज्य संघले मिलाउने ।

८. नजिकिदै गरेको चाडपर्वहरुलाई लक्षित गरी जिल्ला स्थित बैंक तथा वित्तिय संस्थाहरुले सहजरुपमा नयाँ नोट सटहीको व्यवस्था मिलाउने तथा यस जिल्लाभित्रका विभिन्न स्थानहरुमा रहेको ATM मेशिनमा रकम राखि सवेग्राहीहरुलाई सहजरुपमा रकम झिक्न सक्ने व्यवस्था मिलाउने । बैंक

तथा ATM सुरक्षाको उचित प्रबन्ध बैंक तथा वित्तिय संस्थाहरुले सुरक्षा निकायसंग समन्वय गरी मिलाउने।

९. पेट्रोलियम पदार्थहरुको आयात र वितरणमा सहजता ल्याई पेट्रोलियम पदार्थ अभाव सिर्जना हुन नदिने व्यवस्था पेट्रोलियम पदार्थ व्यवसायीहरुले मिलाउने ।

१०. यस जिल्ला सदरमुकाबाट पालिकाको केन्द्रसम्म जाने मुख्य मार्गहरु र विभिन्न स्थानबाट पालिकाको केन्द्रसम्म आउने अन्य सहायक मार्गहरुमा भएको अवरोधहरु तत्काल हटाई यात्रुहरुलाई सहजता कायम गर्ने गराउने व्यवस्थाका लागि सबै स्थानीय तहहरुले र सडकसंग सम्बन्धित अन्य कार्यालयहरुले आवश्यकता अनुसार सडक मर्मत गरी तत्काल यातायत र.चालन हुने व्यवस्था मिलाउने ।

११. चाडपर्वको अवसरमा आफन्त भेटघाट तथा टिका थाप्न आवत जावत बढी भै यात्रु चाप बढ्ने हुंदा आवश्यकतानुसार विभिन्न रुटहरुमा चल्ने सवारीहरु थप गर्ने, सिट क्षमता भन्दा बढी यात्रुहरु नराख्ने, सवार यात्रुहरुको अभिलेख राख्ने, यात्रु टिकट जारी गर्ने, तोकिएको भाडादर काउण्टरमा देखिने गरी राख्ने, बढी भाडा नलिने तथा यात्रु मैत्री व्यवहारलाई बढावा दिने र यातायात व्यवसायलाई सहज रुपमा संचालन गर्ने व्यवस्था यातायात व्यवसायीहरुले मिलाउने।

१२. फिदिम बजार क्षेत्र र अन्य प्रमुख बजार क्षेत्र भित्र मादक पदार्थ सेवन गरी तिव्र गतिमा विना हेल्मेट, क्षमता भन्दा बढी मान्छेहरु चढी सवारी चलाउने कार्यहरुलाई पूर्णरुपमा नियन्त्रण गरी बढदै गरेको सवारी दुर्घटना न्यूनिकरण र नियन्त्रण जिल्ला ट्राफिक कार्यालयले गर्ने।

१३. विद्युत आपूर्तिमा सहजता ल्याउने व्यवस्था नेपाल विद्युत प्राधिकरणले मिलाउने।

१४. टेलिफोन र इन्टरनेट सेवा अवरुद्ध हुन नपाउने व्यवस्था नेपाल टेलिकमले र इन्टरनेट सेवा प्रदायकहरुले मिलाउने ।

१५. होटल, रेष्टुरेण्ट, फास्फुट व्यवसायीहरुले सडेगलेका, बासी, दुषित खाद्य पदार्थ बिक्रि नगर्ने, सरसफाइमा विशेष ध्यान दिने, आफ्नो व्यवसाय सम्बन्धी कागजात अद्यावधिक गर्ने, मूल्यसूची टाँस गर्ने, लजहरुले बास बस्ने व्यक्तिहरुको अभिलेख अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउने ।

१६. निर्माण व्यवसाय संघहरुले आफू संवद्ध निर्माण व्यवसायीहरुलाई सार्वजनिक सडक अवरुद्ध हुने गरी निर्माण सामग्री नराख्न र काहीकतै राजमार्ग/ सडक अवरुद्ध भए तत्काल सूचारु गर्ने गरी व्यवस्था मिलाउने ।

१७. चाडपर्वको समयमा दैनिक उपभोग्य वस्तु माछामासु, फलफुल, दुग्धजन्य पदार्थहरु लगायतका पसलहरुको गुणस्तर, मूल्य, सरसफाइका सम्बन्धमा बजार क्षेत्रभित्र फिदिम नगरपालिका, कृषि ज्ञानकेन्द्र पशु विज्ञ केन्द्रले अनुगमनको व्यवस्था मिलाउने ।

१८. चाडपर्वको समयमा पटका, आतशबाजी लगायतका विष्पोटक पदार्थ तथा नियन्त्रित र निषेधित वस्तुको अवैध आयात, ओसार पसार र बिक्री वितरण तथा प्रयोग नगर्ने व्यवस्था उद्योग वाणिज्य संघले मिलाउने ।

१९. अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयहरु (स्वास्थ्य, विद्युत, टेलिकम, खानेपानी, इन्धन) हरुले बिदाको समयमा समेत नियमित सेवा प्रवाह गर्न खानेपानी नियमित आपूर्तिको व्यवस्था खानेपानी तथा उपभोक्ता सरसफाइले मिलाउने।

२०. फिदिम नगरपालिका क्षेत्रमा संचालित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले यस क्षेत्रमा नियमित खानेपानीको आपूर्तिको व्यवस्था मिलाउने।

२१. बैंक तथा वित्तिय संस्थाहरुले आफ्नो कार्यालय परिसरमा ग्राहकहरुको सवारी साधन पार्किङको व्यवस्था मिलाउने।

२२. उल्लेखित सूचनाहरु संप्रेषण गरी आम जिल्लाबासीलाई जानकारी गराइदिनको लागि पत्रकार महासंघ, पाँचथर शाखालाई अनुरोध गर्ने।